# तारा खसेको रात



**हिरामणि दुःखी**

त्यो रात
निष्पट्ट रात
निर्घिनी रात
अभिशप्त रात
अर्थात् तेह्र जेठको रात ।
.....
जब आकाशमा चुक घोप्टियो
धर्तिभरी बारुद विच्छ्याइयो
फैलाएर साम्राज्य आतङ्कको
कलुषित बुटहरु
आदेश गरे एकएक गरेर
खसाऊ ताराहरु
चम्कनु हुँदैन ताराहरु
र, फैलाऊ साम्राज्य निशाचरको
जब बुटले फर्मान् गर्‍यो
तत्क्षण
एउटा तारा खस्यो
नखस्नु तारा खस्यो
अर्थात् खसालियो ।
.....
ऊ भन्थ्यो
चोरेर होइन आगो
खोसेरै ल्याउँछु र सेक्छु
लाखौं कराडौं छालाहरु
अनि बन्छु नयाँ प्रमिथस
भिन्न प्रमिथस
नयाँ युगको प्रमिथस
ऊ यसै भन्थ्यो ।
.....
ऊ भन्थ्यो
जन्मनुपर्छ नयाँ स्पार्टाकसहरु
बजाउन बिद्रोहको दुन्दुभी
र, चलाउनु पर्छ आयुधहरु
एकसाथ सहर अनि गाउँहरुमा
सल्काउनुपर्छ दावानल
जलाउन यस शताब्दिका

नयाँ 'महाराज'हरुको चिता ।

……

चिताको जोहो गर्न सहर पसेको ऊ
आगो खोस्न महल पसेको ऊ
सपथ खाएथ्यो
आगो निलेर अँगार ओकल्ने
सहरमा उज्यालो छर्दा नछर्दै
घरका मटानमा तैनाथ
शिकार भयो ऊ कालुषित बुटहरुको
रविले भूइँमा उज्यालो पश्कन नपाउँदै
चीर निद्रामा परेको उसको शरीर
हवन भयो अग्नीकुण्डमा
विलिन भयो भष्म बनेर आकाशमा
अर्थात् एउटा तार खस्यो
र, नयाँ तारा बनेर उदाइरह्यो
झुपडिहरुको आकाशमा ।

.....

*hmdukhi@gmail.com*

*५ जेठ २०७१ घट्टेकुलो*